# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०८।१३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला काठमाडौं, टोखा नगरपालिका, वडा नं. ५ मा रहेको आगमन फुडल्यान्ड एण्ड गेष्टहाउस चेकजाँच गर्ने क्रममा डिउटीमा खटिएका प्रहरीलाई होटल संचालिका सोममाया राईले घुस/रिसवत दिन खोजेकोमा आवश्यक कारबाही गरीपाउँ भन्ने व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा महानगरीय प्रहरी वृत, महाराजगञ्ज, काठमाडौंबाट खटिएको टोलीलाई आगमन फुडल्यान्ड तथा गेष्टहाउस संचालिका सोममाया राईले गेष्टहाउस चेकजाँच नगरिदिनहुन भनी रू.५०,०००/- घुस/रिसवत दिएको अवस्थामा निजबाट उक्त रकम बरामद भएको अनुसन्धानबाट खुल्न आई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि भएकोले निजलाई बिगो रु.५०,०००।-(अक्षरुपी पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय गरी बरामद भएको उक्त रकम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफत हुन समेत मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरेको छ।

प्रवक्ता<br>
प्रदीपकुमार कोइराला